## कार्यपालिका वैठक नं.४, आ.व.२०८१- ०८२ (२०८१/०७/२३

आज मिति २०८१/०७/२३ गतेका दिन बिहान ०८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा भैरव चुमान | |
| १७ | सं.ह.अ. चौथो | रश्मी नगर | |
| १८ | का. सहयोगी | भानु गुरुङ | |

**कार्यपालिका वैठक नं.४, आ.व.२०८१- ०८२ (२०८१/०७/२३ को प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

- अघिल्लो निर्णय सम्वन्धमा ।
- असोज महिनाको प्रगति सम्वन्धमा ।
- असोज महिनाको आय व्यय सम्वन्धमा ।

२. विद्यालय स्थापना गर्न अनुमती दिने सम्वन्धमा ।

३. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

४. सार्वजनिक विदा सम्वन्धमा ।

- हरिबोधीनी एकादशी/ सार्वजनिक विदा ।

५. भुक्तानी सम्वन्धमा ।

- सवारी मर्मत खर्च ।
- न्यानो लुगा वितरण कार्यक्रम सम्वन्धमा ।

६. योजनाको नाम संशोधन सम्वन्धमा ।

७. युवा तथा खेलकुद कार्यक्रम सम्वन्धमा ।

८. घना वस्तीमा एकिकृत पूर्वाधार विकास निर्माण कार्ययोजना सम्वन्धमा ।


९. उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्वन्धमा ।

१०. छात्रवृत्ति रकम उपलब्ध गराउने सम्वन्धमा ।

११. रेविज रोग नियन्त्रण सम्वन्धमा ।

१२. कार्यविधी स्वीकृत सम्वन्धमा ।

१३. विविध सम्वन्धमा ।



Scanned with CamScanner

**कार्यपालिका वैठक नं.४, आ.व.२०८१- ०८२ (२०८१/०७/२३ को निर्णयहरु :**

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो । योजना सम्झौता तथा भुक्तानी सम्बन्धी कागजातहरु सम्बन्धित वडा कार्यालयमा नै संकलन गरि जनप्रतिनिधीहरुद्धारा एकमुष्ट पालिका पेश गर्ने/गराउने कार्य गरि उपभोक्ता समिति तथा नागरिकहरुलाई सरल र सहज रुपमा सेवाप्रवाह प्रदान गर्ने कार्यलाई थप व्यवस्थित गर्ने निर्णय गरियो ।

साथै यस आ.व.को लागि स्वीकृत योजना कार्यक्रम सञ्चालन गर्नको मंसिर १५ सम्ममा सम्पुर्ण योजनाहरुको अनुगमन, स्टीमेट तयार गरि सम्झौता सम्पन्न गरिसक्ने निर्णय गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएको असोज महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको असोज महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ : विद्यालय स्थापना गर्न अनुमती दिने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाँउपालिका वडा नं. १, सत्रसय, देविटारमा **मित्रता अपाङ्गता समावेशी विद्यालय** स्थापना गर्न नियमबमोजिमका सम्पुर्ण प्रक्रियाहरु पुरा गरि अनुमतिको लागि निवेदन पेश भएकोले उक्त निवेदन उपर छलफल गरि केदार प्रसाद अधिकारीको मिति २०८१/०६/२१ को निवेदन, मित्रता माध्यमिक विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस तथा गाउँ शिक्षा समितिको मिति २०८१/०७/१३ गतेको सिफारिस बमोजिम विद्यालय सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालमा मेडिकल अधिकृत पदमा कार्यरत डा.हरि सेडाइँको लोकसेवा आयागको परिक्षामा सफल भई पदबाट राजिनामा दिनुभएको र अस्पतालमा व्लड बैंकको लागि सम्पुर्ण सामग्रीहरु उपलब्ध भएकोले व्याचलर पास ल्याब कर्मचारीको आवश्यक्ता भएको हुँदा मेडिकल अधिकृत पदमा १, र व्याचलर पास ल्याब कर्मचारी १ जना पदपुर्तिको लागि नियमबमोजिम विज्ञापन खोली पदपुर्ति गर्नको लागि अस्पताल तथा पालिका प्रशासनलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : सार्वजनिक विदा सम्बन्धमा ।**

यहि मिति २०८१ साल कात्तिक महिनाको २७ गते पर्न गएको हिन्दु धर्मालम्वीहरुको पर्व हरिबोधनी एकादशीको दिन पालिका अर्न्तगत वडा नं. १ स्थित पालिकाको पर्यटकीय एवं धार्मिक स्थल आँधिमुल मन्दिरमा वृहत एकादशी मेला लाग्ने भएको हुँदा स्थानीयको माग बमोजिम उक्त दिन स्थानीय विदा दिने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ५ : भुक्तानी सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन, आँबुखैरेनी अस्पताल प्रयोजनार्थ एम्बुलेन्स सञ्चालन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेवापत पालिकाको सवारी साधनमा प्रयोग गरेका इन्धन उपलब्ध गराए बापतको असोज महिनामा जम्मा खर्च रकम रु.२,९७,७४०/- (अक्षररुपी दुई लाख सन्तानब्बे हजार सात सय चालिस रुपैँया मात्र ।)भुक्तानीको लागि श्री अकला देवि टेड्रस, आँबुखैरेनी १ बाट पेश भएको निवेदन उपर छलफल गरि गाउँकार्यपालिकाको स्वीकृत इन्धन खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**ख) न्यानो लुगा वितरण कार्यक्रमको भुक्तानी सम्बन्धमा ।**

यहि मिति २०८१/०७/१२ गतेका दिन आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा नं. ५ मा सञ्चालन गरिएको निशुल्क स्वास्थ्य शिविर तथा विपन्न/ज्येष्ठ नागरिकहरुलाई न्यानो लुगा (सिरक/ब्ल्याङ्केट) वितरण कार्यक्रममा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम जम्मा ३३ जनालाई न्यानो लुगा (सिरक/ब्ल्याङ्केट) वितरण गरिएको हुँदा सो बापतको जम्मा खर्च रकम १,१४,१००/-(एक लाख चौध हजार एक सय रुपैँया मात्र ।) निवेदन पेश भएको हुँदा गाउँकार्यपालिकाको स्वीकृत विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६ : योजनाको नाम संशोधन सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत एकता टोल नाला निर्माण योजनाको नाम संशोधन गरि एकता टोल नाला निर्माण तथा स्तरोन्नति बनाउने निर्णय गरियो ।

ख) पौवा गाउँ निवासी चन्द्र वहादुर गुरुङको घरमुनि रिटेनिङ वाल निर्माण वडा नं. २ योजनाको नाम संशोधन गरि˝ बनाउने निर्णय गरियो ।

**निर्णय नं. ७ : युवा तथा खेलकुद कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ को आयोजनामा प्रथम वडाअध्यक्ष फुटसल कप-२०८१ कार्यक्रम सञ्चालनको लागि प्रस्तावना पेश भएकोले उक्त वडा समितिको वैठकको निर्णय तथा सिफारिस वमोजिम गाउँकार्यपालिकाको स्वीकृत युवा तथा खेलकुद कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुनेगरि जम्मा रु.१,५०,०००/-(अक्षररुपी एक लाख पचास हजार रुपैँया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : घना वस्तीमा एकीकृत पूर्वाधार विकास निर्माण कार्ययोजना सम्बन्धमा ।**

आर्थिक वर्ष ०८१/८२ को लागि श्री संघीय आयोजना कार्यान्वयन इकाई, कास्कीबाट विनियोजित आँबुखैरेनी गाउँपालिका वडा नं. ३ को घना वस्तीमा एकीकृत पूर्वाधार विकास निर्माण कार्ययोजना अर्न्तगत यस गाउँपालिका वडा नं.३ स्थित आँबुखेरेनी कोटगाउँ जाने बाटोमा ५ मिटरको चौडाई हुनेगरि पक्की नाला सहितको बाटो कालोपत्रे गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्बन्धमा ।**

आँबुखैरेनी गाउँपालिका वडा नं. १ स्थित दुग्ध उत्पादक सहकारी सँस्था लि.ले बजारीकरण विस्तार गर्न आवश्यक उपकरणहरु पाश्चराइजर मेशिन र प्याकेजिङ मेशिन माग गरेको हुँदा उक्त सँस्थालाई गाउँकार्यपालिकाको स्वीकृत उत्पादनमा आधारित अनुदान खर्च शिर्षकबाट भुक्तानी हुनेगरि जम्मा रकमको ७५ प्रतिशत रकम गाउँपालिकाले व्यहोर्नेगरि उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १० : विद्यालयको लेखा परिक्षणको सूचना सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगतका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष ०८०/८१ को लेखा परिक्षणका लागि लेखा परिक्षक सुचिकृत गर्नका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : छात्रवृत्ति रकम उपलब्ध गराउने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ६ निवासी रविन्द्र परियारको छोरा विशाल परियारको घरको आर्थिक अवस्था कमजोर भएको कारण इन्जिनियरीङ पढ्न समस्या भएकोले छात्रवृत्ति उपलब्ध गराईदिन सम्वन्धित वडा कार्यालयको सिफारिस सहित पेश भएको निवेदन उपर छलफल गरि निजलाई इन्जिनियरीङ अध्ययनमा सहयोगार्थ गाउँकार्यपालिकाको स्वीकृत एम.वि.वि.एस/पि.एच.डि./प्लान्ट साइन्स र विपन्न तथा जेहेन्दार विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी हुनेगरि जम्मा रु.५०,०००/-(अक्षररुपी पचास हजार रुपैंया मात्र ।) छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२ : रेविज रोग नियन्त्रण सम्बन्धमा ।**

गाउँपालिकामा रेविज रोग संक्रमण देखिएको हुँदा रोकथामको लागि भुस्याहा तथा घरपालुवा जनावर ( कुकुर) हरुलाई रेविज विरुद्धको भ्याक्सिन खोप लगाउने निर्णय गरियो ।

**निर्णय नं. १३ : कार्यविधि स्वीकृत सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु वमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विद्यायन समितिवाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल वमोजिमका कार्यविधिहरु उपर छलफल गरीउक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्वन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसँग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

क) आँबुखैरेनी गाउँपालिकाको कृषि वाली उत्पादनमा आधारीत अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, ०८१

ख) आँबुखैरेनी गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता विधेयक, ०८१

**निर्णय नं. १४ : विविध सम्बन्धमा ।**

**क) Hard Copy बोलपत्रहरु आव्हान गरि कार्यान्वयन गर्ने योजना सम्बन्धमा ।**

चालु आ.व.२०८१/८२ मा कार्यान्वयन गर्नुपर्ने देहाय बमोजिमका आयोजनाहरुको Hard Copy वोलपत्रहरु आव्हान गरी कार्यान्वयन गर्नेगरि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

- ढकालटार सडक निर्माण आयोजना (लागत अनुमान रु.५०,००,०००/-)
- आँधिमुल पर्यटन पूर्वाधार निर्माण आयोजना (लागत अनुमान रु.४०,००,०००/-)
- छिम्केश्वरी पर्यटन पुर्वाधार निर्माण अर्न्तगत सडक निर्माण आयोजना (लागत अनुमान रु.२०,००,०००/-)

- आर्थिक वर्ष ०८१/८२ को लागि आँबुखैरेनी गाउँपालिकाको क्षेत्र अधिकार भित्रको प्राकृतिक साधन तथा स्थानीय उत्पादित वस्तुहरु आफ्नो क्षेत्र अधिकार बाहिर लैजाँदा लाग्ने वातावरण शुल्क उठाउने कार्यका लागि यस अघि ३ पटक (पहिलो पटक न्यूनतम रु.६० लाख, दोस्रो पटक न्युनतम रु.६० लाख

Scanned with CamScanner

र तेस्रो पटक न्युनतम ४९ लाख २० हजार कायम गरी) सम्म आय ठेक्का आव्हान गरिएकोमा कुनैपनि निवेदन प्राप्त हुन नसकेकाले चौंथो पटक आय ठेक्का आव्हान गर्दा न्यूनतम अङ्क अग्रिम आयकर र मु.अ.कर.वाहेक रु.१६ लाख रुपैंया कायम गरी आय ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

- पानीमुलटार सडक स्तरोन्नती आयोजना ((लागत अनुमान रु.३१,५०,०००/-)

**ख) आँधिमुल मन्दिर सजावट सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. १ अन्र्तगत पर्ने आँधिमुल मन्दिर मा हिन्दु धर्मावलम्वीहरुको पर्व हरिबोधिनी एकादशीको दिन वृहत मेला लाग्ने र उक्त दिन हजारौं भक्तजनहरु दर्शन तथा पुजापाठको लागि यस मन्दिरमा आउने हुँदा मन्दिर परिसर सरसफाई तथा सजावटको लागि गाउँकार्यपालिकाको स्वीकृत विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुनेगरि जम्मा रु.३०,०००/-(अक्षररुपी तिस हजार रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

**ग) आयोजना कार्यान्वयन गर्दा घटेको रकमबाट पुन ठेक्का आव्हान सम्बन्धमा ।**

गण्डकी प्रदेश समपुरक आयोजना अर्न्तगत "छिम्केश्वरी पर्यटन पूर्वाधार निर्माण" को लागि प्राप्त वजेट रु.१,००,००,०००/- (अक्षररुपी एक करोड रुपैंया मात्र ।) मध्येबाट वोलपत्र आव्हान गर्दा वोलपत्रदाता श्री छिम्केश्वरी निर्माण सेवासँग रु.८०,४२,८९१/-(अक्षररुपी असी लाख बयालीस हजार आठ सय एकानब्वे रुपैंया मात्र ।) मा ठेक्का सम्झौता भएकाले वाँकी रहेको बजेट रु.१९,५७,१०९/-(अक्षररुपी उन्नाईस लाख सन्ताउन्न हजार एक सय नौ रुपैंया मात्र ।) मा रु.४२,८९१/-(अक्षररुपी बयालीस हजार आठ सय एकानब्वे रुपैंया मात्र ।) यस गाउँपालिकाबाट थप गरी जम्मा रु.२०,००,०००/-(अक्षररुपी विंस लाख रुपैंया मात्र ।) रकम बाट छिम्केश्वरी पर्यटन पूर्वाधार निर्माण आयोजना अर्न्तगत काममा दोहोरोपना नपर्ने गरी थप सडक स्तरोन्नती गर्नुपर्ने भएकाले तपशिलको नाम र वजेट रहने गरी वोलपत्र आव्हान मार्फत आयोजना कार्यान्यन प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**तपशिल :**

| क्र.सं. | आयोजनाको नाम | बजेट |
|---|---|---|
| १. | छिम्केश्वरी पर्यटन पूर्वाधार निर्माण अर्न्तगत सडक निर्माण आयोजना | २०,००,०००/- |

**घ) आवास सुविधा सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकामा कार्यरत प्रशासकिय अधिकृत पदमा कार्यरत शर्मिला अधिकारी लाई आवास सुविधा उपलब्ध गराउने निर्णय गरीयो ।

Scanned with
CamScanner